अनुसूची-२

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी विस्तृत विवरण कार्यक्षेत्रगत शर्त (TOR) तथा व्यवसायिक योजनामा समावेश गर्नु पर्ने विषय लगायतका विवरणहरु

१. न्यूनतम शैक्षिक योग्यता र अनुभवः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बैंकिङ्ग ,वित्तीय, मौद्रिक, अर्थशास्त्र, बाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणित वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) बैंकिङ्ग, वित्तीय वा संगठित क्षेत्रको कार्यकारी तह वा संचालक पदमा कम्तीमा पाँच बर्षको कार्य अनुभव भएको ।
स्पष्टिकरण : "कार्यकारी तह" भन्नाले कुनै सरकारी, बैंकिङ्ग, वित्तीय, संगठित क्षेत्र वा अन्तर्राष्ट्रिय वित्तीय संघ/संस्थाको अधिकृत तहको वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ ।

(ग) उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म ४० (चालिस) वर्ष पूरा भई ६० (साठी) वर्ष ननाघेको हुनु पर्नेछ ।

२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः

(क) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपिहरु उम्मेदवार स्वयम्ले प्रमाणित गरी आवेदन साथ पेश गर्नु पर्नेछ ।

(ख) उम्मेदवारको शैक्षिक योग्यता, अनुभव सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर र/वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा आवेदकले दस्तखत गरी २ प्रति पासपोर्ट साइजको फोटो सहित पेश गर्नु पर्नेछ ।

(ग) विदेशी शैक्षिक संस्थाहरुबाट उत्तीर्ण दरखास्तवालाहरुले त्रिभुवन विश्वविद्यालयबाट समकक्ष मान्यता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(घ) उम्मेदवारले आफ्नो दरखास्त साथ ५००० (पाँच हजार) शब्दमा नबढ्ने गरी (अनुसूची बाहेक) व्यवसायिक योजना (Business Plan) शिलबन्दी गरी छुट्टै खामको बाहिरपट्टी नाम ठेगाना उल्लेख गरी पेश गर्नु पर्नेछ । उक्त व्यवसायिक योजना A4 साईज कागजमा चारैतर्फ १" मार्जिन छाडी एक तर्फ मात्र टाइप गरिएको हुनु पर्नेछ । व्यवसायिक योजनाको प्रत्येक पृष्ठको अगाडिपट्टी कुनै संकेत उल्लेख गर्न पाइने छैन र पछाडीपट्टी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ । आवेदन पेश गर्दा शिलबन्दी खामको बाहिर उम्मेदवारको नाम साथै ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन/व्यवसायिक योजना उल्लेख गरेको हुनु पर्नेछ ।

(ङ) दरखास्त दस्तुर वापत रु.३०००।- (अक्षरुपी तीन हजार मात्र) सिटजन्स बैंक इन्टरनेशनल लि., शाखा कार्यालय, बुटवलमा रहेको यस संस्थाको खाता नं.०१२०१०००००३२३२०१ मा जम्मा गरी सोको सक्कल भौचर आवेदनमा संलग्न गर्नु पर्नेछ ।

(च) उम्मेदवारले दरखास्त साथ स्वःघोषणा फारम पेश गर्नु पर्नेछ ।

३. दरखास्त साथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) यस बैंकसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति सम्बन्धी कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा यस संस्थासँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवम् दामासाहीमा नपरेको,

(च) नियत वस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(छ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन, कम्पनी ऐन,२०६३ तथा अन्य प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको ।

४. प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएको कार्यक्षेत्रगत शर्त (TOR):

Terms of Reference (TOR) for CEO of GBLBS

| **S.N.** | **Main Indicator** | **Job Details** |
|---|---|---|
| 1 | Preparation of Four Years Business Plan | a. Prepare a business plan for the sustainability of the institution which must incorporate deposit collection and mobilization, credit growth and administration and other relevant areas. |
| 2 | Preparation of Profitability and Dividend Plan | a. Prepare and submit the profitability and dividend plan. |
| 3 | Preparation of Annual Program and Budget | a. Prepare annual program and budget in accordance with the Business plan of the institution and submit to the BOD for approval.<br>b. PrepareTime bound action plan for the achievement of target indicator & implementation accordingly.<br>c. Ensure successful implementation of the Annual Program and Budget approved by the BOD.<br>d. Submit the progress report to the BOD on quarterly basis. |
| 4 | Strengthen Business | a. Review overall business and prepare strategic plan to achieve the vision, mission & goal of GBLBS and submit to the BOD.<br>b. Submit a revised marketing plan for deposit collection and mobilization to BOD.<br>c. Prepare workable strategic plan forquality creditgrowth, credit administration.<br>d. Prepare the strategic plan for deposit collection /deposit growth. |

| | | |
|---|---|---|
| | | e. Revise strategic plan to promote fee / commission-based business.<br>f. Strengthen the treasury business.<br>g. Introduce and implement the policy to open new branches in viable location implement. |
| 5 | Human Resource Planning | a. Prepare long term Human Resource planning of the institution as per requirement and submit to the BOD for approval and implement it.<br>b. Review and analysis of the existing employee's strength and weakness on regular basis and attract and recruit new talents.<br>c. Achieve Performance target in conjunction with senior management team member. |
| 6 | Use of Available Resources | a. Ensure mobilization of Human Resources.<br>b. Safeguard of all the assets of the institution and ensure their utilization in the best interest of the institution.<br>c. Ensureoptimum utilization of all the financial and other resources in the best interest of the institution. |
| 7 | Legal Compliance | a. Proceed for the Legal action and prevent fraudulent activities.<br>b. Complete legal action against fraudulent activities. |
| 8 | GBLBS Business Plan | a. Undergo timely review and implementation GBLBS Business Plan and achieve key performance targets within specific time frame. |
| 9 | Compliance with Different Regulatory Authorities and Prevailing Laws | a. Ensure all compliance of various directives issued by Supervisory and Regulatory Authority like NRB, SEBON, Company Registrar Office, Stock Exchange etc.<br>b. Maintain good relation with regulatory and other concerned agencies. |
| 10 | NPA Management | a. Reduce the NPA volume and target to maintain within standard level. |
| 11 | Credit Monitoring and Supervision | a. Closely monitor and oversee the targeted achievement in major credits, NPA levels and interest suspense accounts.<br>b. Update the action plan continuously and monitor & analyze the loan status. |
| 12 | Internal Control & Internal Audit | a. Manage to conduct the Internal Audit timely and take necessary measures to resolve the findings and recommendations submitted by Internal Audit Department.<br>b. Introduce risk based internal audit practices.<br>c. Ensure effective internal control system. |
| 13 | Financial Statements, Disclosure and Audit | a. Ensure preparation of timely and accurate financial statement.<br>b. Ensure timely submission of Audited Financial |

| | | |
|---|---|---|
| | | statement to regulatory authorities.<br>c. Ensure disclosure requirement of the Financial Statement as required. |
| 14 | Banking System Software | a. Improve/replace/update the existing system as per the requirement of the respective departmental function. |
| 15 | Risk Management Practice | a. Implement effective and robust risk management practice for Liquidity Risk, Credit Risk, Market Risk, Operational Risk, Interest Rate Risk and other Banking risks. |
| 16 | Customer Relationship Management | a. Revise/Update and implement effective customer relationship management.<br>b. Ensure quality and competitive banking policy and products to satisfy customers. |
| 17 | Conduction of AGM | a. Conduct AGM of the institution within the stipulated time frame. |
| 18 | Decision of AGM & BOD | a. Implement all the decision of AGM & BOD within a stipulated time period. |
| 19 | Good Corporate Governance | a. Ensure good corporate governance within the Institution. |
| 20 | Branch and Bank Accounts | a. Ensure timely reconciliation of branch and bank account.<br>b. Ensure settlement and closure of inactive andold bank account. |
| 21 | Addendum | a. The duties, responsibilities and accountabilities as mentioned by existing laws and regulations, bylaws, procedures and other need to be complied with. |

५. <u>व्यवसायिक योजना पेश गर्नु पर्ने:</u>

(क) उम्मेदवारले दरखास्त साथ पेश गर्ने व्यवसायिक योजना (Business Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको अनुसूची-२ बमोजिमको कार्यक्षेत्रगत शर्त (TOR) समेतलाई आधार मानी निम्न बुँदाहरुमा केन्द्रित रही तयार पार्नु पर्नेछ ।

(१) वित्तीय संस्थाको परिचय एवम् कार्य संचालनको अवस्था ।

(२) लघुवित्त वित्तीय संस्थाहरुको वर्तमान अवस्था तथा यस संस्थाको संक्षिप्त विश्लेषण ।

(३) वित्तीय संस्थाको विद्यमान अवस्थामा देखिएका सबल र दुर्बल पक्ष एवम् अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis).

(४) रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको विश्लेषण र जोखिम व्यवस्थापनको रणनीति ।

(५) उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि, औद्योगिक सम्बन्ध, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, चुहावट नियन्त्रण, प्रशासकीय शिरोभार खर्च घटाउनका लागि विशेष व्यवस्था र श्रोत परिचालन समेत समावेश भएको समय सारिणी सहितको योजना ।

(ख) पेश गरिएको व्यवसायिक योजनामा केन्द्रित रही तोकिएको मिति र समयमा सर्ट लिष्टमा परेका उम्मेदवारले प्रस्तुती गर्नु पर्नेछ ।

६. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अंकभार:

उम्मेदवारको मुल्यांकन सम्बन्धी अंकभार तपसिल बमोजिम कायम हुनेछ ।

| | |
|---|---|
| (१) शैक्षिक योग्यता वापत - | १० अंक |
| (२) कार्य अनुभव वापत - | १० अंक |
| (३) व्यवसायिक योजनाको मूल्याङ्कन वापत - | ५० अंक |
| (४) अन्तर्वार्ता मूल्याङ्कन वापत - | ३० अंक |
| पूर्णाङ्क | १०० अंक |

७. छनौटका आधार एवम् प्रकृया :

(क) शैक्षिक योग्यता र अनुभवको मूल्याङ्कनको आधारमा उम्मेदवारहरु पाँच जना भन्दा बढी भएमा ती मध्ये कम्तीमा पाँच जना उम्मेदवारलाई सर्ट लिष्टिङ्ग (Short Listing) गरी वर्णानुक्रमानुसार व्यवसायिक योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

(ख) तोकिएको शैक्षिक योग्यता, अनुभव भएका र व्यवसायिक योजना प्रस्तुतीकरणका लागि छनौटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा व्यवसायिक योजनाको प्रस्तुती गर्नु पर्नेछ ।

(ग) बुँदा (ख) अनुसार छनौट भएका उम्मेदवार मध्ये शैक्षिक योग्यता, अनुभव, व्यवसायिक योजनाको मूल्याङ्कन एवम् प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त कूल अंकको आधारमा उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई मुख्य उम्मेदवार र बढीमा दुई जनालाई वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गरिनेछ ।

(घ) प्रस्तुतीकरण र अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाण पत्र एवम् आवेदन साथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति साथै लिई उपस्थित हुनु पर्नेछ ।